राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्वन्धमा समितिद्धारा तयार गरिएको प्रतिवेदन

१. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को प्रस्तावनामा रहेका "राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली" भन्ने शब्दहरु राख्ने ।

२. विधेयकको दफा १ को उपदफा (१) मा रहेका "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६" भन्ने शब्दहरु राख्ने ।

३. विधेयकको दफा २ को,-

(१) खण्ड (ख) मा रहेका "विद्युतीय तथ्याङ्क भण्डार" भन्ने शब्द पछि "(इलेक्टोनिक डाटा)" भन्ने शब्दहरु थप्ने र "अभिलेख पुस्तिकालाई" भन्ने शब्दहरुको सट्टा "अभिलेख पुस्तिका वा विद्युतीय अभिलेखलाई" भन्ने शब्दहरु राख्ने ।

(२) खण्ड (च) मा रहेका "दफा १८" भन्ने शब्दहरुको सट्टा "दफा १७" भन्ने शब्दहरु राख्ने ।

(३) खण्ड (ञ) झिकी खण्डक्रम मिलाउने ।

(४) खण्ड (ट) खण्डक्रम मिलाउँदा कायम हुने (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्ने :-

"(ञ) "बसाइँ सराइ" भन्नाले नेपाल भित्र एक स्थानीय तहबाट अर्को स्थानीय तहको क्षेत्रमा वा एउटै स्थानीय तहको एक वडाबाट अर्को वडामा स्थायी रुपमा बसाइँ सर्ने कार्य सम्झनु पर्छ र सो शब्दले विदेशमा बसाइँ सरी जाने वा विदेशबाट बसाइँ सरी नेपालमा आउने कार्य तथा एक सय असी दिनभन्दा बढी अवधिको लागि अस्थायी रुपमा बसाइँ सर्ने कार्यलाई समेत जनाउँछ ।"

(५) खण्ड (ड) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ठ) पछि देहायको खण्ड (ड) थप्ने

"(ड) "राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली" भन्नाले राष्ट्रिय परिचयपत्र वितरणका लागि नागरिकका सूचना र विवरणहरु एकीकृत रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा, सुविधा र विकास योजनासँग आवद्ध गर्ने प्रयोजनका लागि नेपाल सरकारले स्थापना गरेको विद्युतीय प्रविधिमा आधारित तथ्याङ्क भण्डारण प्रणाली सम्झनु पर्छ ।"

(६) खण्ड (थ) मा रहेका "दफा ३८" भन्ने शब्दहरुको सट्टा "दफा ३७" भन्ने शब्दहरु राख्ने ।

(७) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राख्ने :-

"(द) "स्थानीय अधिकारी" भन्नाले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य अधिकारीलाई समेत जनाउँछ । "

४. विधेयकको दफा ३ र ५ को सट्टा देहायका दफा ३ र ५ राख्ने :-

"३. परिचयपत्र लागू हुने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको जिल्लामा त्यस्तो सूचनामा तोकिएको मिति देखि राष्ट्रिय परिचयपत्र लागू हुनेछ ।

५. जानकारी गराउने दायित्व : परिचय नम्बर र परिचयपत्रको लागि आवश्यक पर्ने विवरण उपलब्ध गराउने, परिचयपत्र नम्बर सहितको परिचयपत्र लिने तथा परिचयपत्रमा उल्लिखित विवरणमा हेरफेर भएमा वा कुनै कारणबाट प्रयोगमा आउन नसक्ने भएमा सोको जानकारी स्थानीय अधिकारीलाई गराउने दायित्व सम्बन्धित व्यक्तिको हुनेछ ।"

५. विधेयकको दफा ७ को उपदफा (३) मा रहेका "विद्युतीय छाप," भन्ने शब्दहरु पछि "आँखाको नानी (आइरिस)," भन्ने शब्दहरु थप्ने ।

६. विधेयकको दफा ९ को,-

(१) उपदफा (२) मा रहेको "विद्युतीय चीप" भन्ने शब्दहरुको सट्टा "विद्युतीय चिप्स" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने :-

"(३) परिचयपत्रको दृष्य भागमा सम्बन्धित व्यक्तिको देहायका विवरण देखिने गरी उल्लेख गरिनेछ :-

(क) नाम, थर,

(ख) जन्ममिति,

(ग) लिङ्ग,

(घ) राष्ट्रियता,

(ङ) परिचय नम्बर,

(च) फोटो,

(छ) परिचयपत्र जारी मिति र जारी गर्ने अधिकारी,

(ज) स्थायी ठेगाना,

(झ) नागरिकताको किसिम र नागरिकता नम्बर (नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा) ।"

७. विधेयकको दफा १० को,-

(१) दफा शीर्षकमा रहेका "परिचय नम्बर," भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (४) मा रहेको "उपदफा (४)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (४) पछि देहायको उपदफा (५) थपी उपदफाक्रम मिलाउने:

"(५) प्रचलित कानून बमोजिम कुनै प्रयोजनको लागि जारी भएका परिचयपत्र वा प्रमाणपत्रमा समावेश हुने विवरण यस ऐन बमोजिम राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा समावेश भई सके पछि त्यस्ता परिचयपत्र वा प्रमाणपत्रको काम राष्ट्रिय परिचयपत्रबाटै हुन सक्ने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।"

(४) उपदफा (५) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (६) मा रहेका "परिचय नम्बर," भन्ने शब्दहरु झिक्ने ।

८. विधेयकको दफा ११ को,-

(१) उपदफा (१) मा रहेका "परिचय नम्बर वा परिचयपत्र प्रदान गरिएको व्यक्तिको देहाय बमोजिमको विवरणको अभिलेखमा" भन्ने शब्दहरुको सट्टा "प्रदान गरिने परिचयपत्रको विद्युतीय चीप्स र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा परिचयपत्र वा परिचय नम्बर प्रदान गरिएको व्यक्तिको देहाय बमोजिमको विवरणको अभिलेख" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी खण्डक्रम मिलाउने :-

"(च) परिचयपत्र जारी मिति र जारी गर्ने अधिकारी,"

(३) उपदफा (१) को खण्ड (छ) र (ज) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ज) र (झ) को सट्टा देहायका खण्ड (ज) र (झ) राख्ने :-

"(ज) ठेगाना (स्थायी र अस्थायी),

(झ) नागरिकताको किसिम र नागरिकता नम्बर (नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा),"

९. विधेयकको दफा १३ को खण्ड (ग) मा रहेका "विदेशी नागरिकले" भन्ने शब्दहरु पछि "यस ऐन विपरीत" भन्ने शब्दहरु थप्ने ।

१०. विधेययकको दफा १६ को,-

(१) उपदफा (१) मा रहेका "काम नलाग्ने भएमा" भन्ने शब्दहरुको सट्टा "काम नलाग्ने भएमा, परिचयपत्रको दृष्य भागमा रहेको विवरण परिवर्तन गर्नु पर्ने भएमा" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेका "तोकिए बमोजिम" भन्ने शब्दहरुको सट्टा "तोकिए बमोजिमको दस्तुर लिई" भन्ने शब्दहरु राख्ने ।

११. विधेयकको दफा १७ झिकी दफाक्रम मिलाउने ।

१२. विधेयकको दफा १९ दफाक्रम मिलाउँदा कायम हुने दफा १८ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने :-

"(क) जन्मको सूचना बाबु वा आमाले र निजहरुको अनुपस्थितिमा परिवारको अठार वर्ष उमेर पुगेको व्यक्तिले,"

(ख) खण्ड (क) पछि देहायको खण्ड (ख) थपी खण्डक्रम मिलाउने :-

"(ख) मृत्युको सूचना बाबु, आमा, पति, पत्नी, छोरा वा छोरीले र निजहरुको अनुपस्थितिमा परिवारको अठार वर्ष उमेर पुगेको व्यक्तिले,"

(ग) खण्ड (ग) र (घ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (घ) र (ङ) को सट्टा देहायका खण्ड (घ) र (ङ) राख्ने :-

"(घ) सम्बन्ध विच्छेदको सूचना सम्बन्ध विच्छेद भएका सम्बन्धित व्यक्ति मध्ये कुनै एकले,

(ङ) बसाइँ सराइको सूचना परिवारको अठार वर्ष उमेर पुगेको व्यक्तिले,"

(२) उपदफा (२) मा रहेको "व्यक्ति" भन्ने शब्दको सट्टा "व्यक्तिले" भन्ने शब्द र "साठी दिनभित्र" भन्ने शब्दहरुको सट्टा "पैंतीस दिनभित्र स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (४) मा रहेका "उपदफा (१) को खण्ड (क) बमोजिम जन्म तथा मृत्युको" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) बमोजिम व्यक्तिगत घटनाको" भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (४) पछि देहायको उपदफा (५) थप्ने :-

"(५) यस दफा बमोजिम व्यक्तिगत घटनाको सूचना दिँदा तोकिए बमोजिम विद्युतीय माध्यमबाट दिने व्यवस्था मिलाउन सकिनेछ ।"

१३. विधेयकको दफा २० दफाक्रम मिलाउँदा कायम हुने दफा १९ को,-

(१) उपदफा (१) र (३) मा रहेका "दफा १९" भन्ने शब्दहरुको सट्टा "दफा १८" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (४) मा रहेको "तथा" भन्ने शब्दको सट्टा "वा" भन्ने शब्द राख्ने ।

(३) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्ने:

"(६) नेपालमा रहेको विदेशीको कुनै व्यक्तिगत घटना दर्ता गर्नु पर्ने भएमा तोकिए बमोजिमको प्रमाण सहित आफु बसोबास गरेको स्थानको स्थानीय पञ्जिकाधिकारी समक्ष सूचना गर्नु पर्नेछ ।"

(४) उपदफा (६) पछि देहायका उपदफा (७), (८) र (९) थपिएका छन्:

"(७) उपदफा (६) बमोजिम सूचना गर्दा नेपालमा कुटनीतिक नियोग रहेको विदेशी नागरिकको हकमा सम्बन्धित कुटनीतिक नियोगको सिफारिस समेत पेश गर्नु पर्नेछ ।

(८) उपदफा (६) बमोजिम सूचना प्राप्त भए पछि स्थानीय पञ्जिकाधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो विदेशीको व्यक्तिगत घटना दर्ता गर्नु पर्नेछ ।

(९) नेपालमा रहेका विदेशीको व्यक्तिगत घटनाको सूचना दिने तथा व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

१४. विधेयकको दफा २१ दफाक्रम मिलाउँदा कायम हुने दफा २० को,

(१) उपदफा (१) मा रहेका "दफा २०" भन्ने शब्दहरुको सट्टा "दफा १९" भन्ने शब्दहरु र "दफा १९" भन्ने शब्दहरुको सट्टा "दफा १८" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) झिकी उपदफाक्रम मिलाउने ।

(३) उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने:

"(२) दफा ३ बमोजिम परिचयपत्र लागू भएको जिल्लामा बसोबास गर्ने व्यक्तिको मृत्यु दर्ता बाहेक अन्य व्यक्तिगत घटना दर्ता गर्दा यस ऐन बमोजिम परिचय नम्बर प्राप्त भए पछि मात्र त्यस्तो व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र जारी गर्नु पर्नेछ ।"

१५. विधेयकको दफा २२ दफाक्रम मिलाउँदा कायम हुने दफा २१ को उपदफा (२) मा रहेको "बेग्लै" भन्ने शब्दको सट्टा "छुट्टै" भन्ने शब्द राख्ने ।

१६. विधेयकको दफा २३ दफाक्रम मिलाउँदा कायम हुने दफा २२ को उपदफा (१) मा रहेका "दफा २१" भन्ने शब्दहरुको सट्टा "दफा २०" भन्ने शब्दहरु राख्ने ।

१७. विधेयकको दफा २४ दफाक्रम मिलाउँदा कायम हुने दफा २३ को उपदफा (१) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "मन्त्रालयले" भन्ने शब्द राख्ने ।

१८. विधेयकको दफा २५ दफाक्रम मिलाउँदा कायम हुने दफा २४ को उपदफा (१) मा रहेका "दफा २१" भन्ने शब्दहरुको सट्टा "दफा २०" भन्ने शब्दहरु राख्ने ।

१९. विधेयकको दफा २६ दफाक्रम मिलाउँदा कायम हुने दफा २५ को उपदफा (१) मा रहेका "राष्ट्रिय परिचय नम्बर सहित" भन्ने शब्दहरु झिक्ने र सोही उपदफामा रहेको "सम्बन्धित व्यक्तिले" भन्ने शब्दहरु पछि "त्यस्तो प्रमाणपत्र लिएको एक वर्षभित्र" भन्ने शब्दहरु थप्ने ।

२०. विधेयकको दफा २७ दफाक्रम मिलाउँदा कायम हुने दफा २६ मा रहेको "कुनै" भन्ने शब्दको सट्टा "सम्बन्धित" भन्ने शब्द र "दिन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "दिनु पर्नेछ" भन्ने शब्दहरु राख्ने ।

२१. विधेयकको दफा २८ दफाक्रम मिलाउँदा कायम हुने दफा २७ को उपदफा (२) मा रहेको "नतिजा" भन्ने शब्दको सट्टा "प्रतिवेदन" भन्ने शब्द राख्ने ।

२२. विधेयकको दफा २९ दफाक्रम मिलाउँदा कायम हुने दफा २८ पछि देहायको दफा २९ थपी दफाक्रम मिलाउने:

"२९. <u>घटना दर्ता सम्बन्धी विशेष व्यवस्था</u> : (१) प्रचलित कानून बमोजिम धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले सम्बन्धित स्थानीय पञ्जिकाधिकारी समक्ष सोको सूचना दर्ता गर्नु पर्नेछ ।

(२) कुनै व्यक्तिको मृत बच्चा जन्मिएको वा बच्चा जन्मिनासाथ मृत्यु भएकोमा स्थानीय पञ्जिकाधिकारी समक्ष सोको सूचना दर्ता गराउन सकिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम परेको सूचना दर्ता गर्ने तथा सो बमोजिमको घटना दर्ता गरी प्रमाणपत्र दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

२३. विधेयकको दफा ३० को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१) यस ऐन बमोजिम सङ्कलन गरिएका वैयक्तिक तथा जैविक विवरणहरुको एकीकृत भण्डार तथा उपयोग गर्न केन्द्रीय विद्युतीय तथ्याङ्क भण्डार रहनेछ ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउने :-

"(३) उपदफा (१) बमोजिमको तथ्याङ्क भण्डारमा प्रचलित कानून बमोजिम प्रदेश, जिल्ला तथा स्थानीय तहले सङ्कलन गरेको विवरणलाई आवद्ध (लिङ्क) गर्न सकिनेछ ।"

(३) उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (४) मा रहेका "प्रचलित कानून बमोजिम स्थापित विपद् पुनर्लाभ केन्द्र (डिसास्टर रिकोभरि सेन्टर) मा" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारले तोकेको सरकारी डाटा केन्द्रमा" भन्ने शब्दहरु राख्ने ।

२४. विधेयकको दफा ३१ झिकी दफाक्रम मिलाउने ।

२५. विधेयकको दफा ३३ दफाक्रम मिलाउँदा कायम हुने दफा ३२ को सट्टा देहायको दफा ३२ राख्ने :-

"३२. विवरण अद्यावधिक गर्ने : (१) विभागले देहायको आधारमा तथ्याङ्क भण्डारलाई अद्यावधिक गर्न सक्नेछ :-

(क) यस ऐन तथा प्रचलित कानून बमोजिम दर्ता भएका व्यक्तिगत घटनाहरु,

(ख) तोकिए बमोजिम सम्बन्धित कार्यालय वा निकायबाट प्राप्त विवरण ।

(२) उपदफा (१) को प्रयोजनको लागि दफा ३ बमोजिम परिचयपत्र लागू भएको जिल्लाको हकमा व्यक्तिगत घटना दर्ता भएको आधारमा तथ्याङ्क भण्डारमा भएको त्यस्तो व्यक्तिको विवरण स्वत: अद्यावधिक हुनेछ ।

(३) परिचयपत्र लागू नभएको जिल्लाको हकमा व्यक्तिगत घटना दर्ता भई कायम रहेको विवरणलाई विद्युतीय माध्यमबाट अभिलेख गरिनेछ र त्यस्तो अभिलेखलाई तथ्याङ्क भण्डारसँग आवद्ध (लिङ्क) गरी विवरण अद्यावधिक गरिनेछ ।

(४) तथ्याङ्क भण्डारमा रहेको विवरण अद्यावधिक गर्दा जुन व्यक्तिको विवरण अद्यावधिक गर्नु पर्ने हो सोही व्यक्तिको परिचय नम्बरको आधारमा अद्यावधिक गरिनेछ ।

(५) कुनै व्यक्तिले दर्ता गराएको विवरणको सम्बन्धमा द्विविधा उत्पन्न भएमा विद्युतीय तथ्याङ्क भण्डारमा भएको विवरणलाई मुख्य आधार मानिनेछ ।"

२६. विधेयकको दफा ३४ दफाक्रम मिलाउँदा कायम हुने दफा ३३ को उपदफा (१) मा रहेका "दफा ३५" भन्ने शब्दहरुको सट्टा "दफा ३४" भन्ने शब्दहरु राख्ने ।

२७. विधेयकको दफा ३५ दफाक्रम मिलाउँदा कायम हुने दफा ३४ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) व्यक्तिको वैयक्तिक गोपनीयता कायम रहने गरी सरकारी निकाय तथा नेपाल सरकारको पूर्ण स्वामित्व रहेका संस्थालाई विभागमा रहेको तथ्याङ्क तथा विवरण तोकिए बमोजिम उपयोग गर्न दिन सकिनेछ ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउने :-

"(३) प्रचलित कानून बमोजिम नागरिकलाई सेवा प्रवाह गर्ने निकायले सम्बन्धित व्यक्तिको विवरण यकिन (भेरिफिकेशन) गर्ने प्रयोजनको लागि त्यस्तो निकायलाई विभागमा रहेको तथ्याङ्कमा तोकिए बमोजिम नियन्त्रित पहुँच दिन सकिनेछ ।"

(३) उपदफा (४) झिक्ने ।

२८. विधेयकको दफा ३६ दफाक्रम मिलाउँदा कायम हुने दफा ३५ को,-

(१) उपदफा (३) मा रहेका "विभाग वा विपद् पुनर्लाभ केन्द्र (डिसास्टर रिकोभरी सेन्टर)" भन्ने शब्दहरुको सट्टा "दफा २९ बमोजिम विभाग वा सरकारी डाटा केन्द्रमा" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थप्ने :-

"(५) तथ्याङ्क भण्डारमा रहेको कुनै व्यक्तिको वैयक्तिक विवरणमा कुनै निकाय वा व्यक्तिले पहुँच प्राप्त गरेको विवरण सम्बन्धित व्यक्तिले तोकिए बमोजिम हेर्न पाउने गरी आवश्यक व्यवस्था मिलाउन सकिनेछ ।"

(३) उपदफा (५) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (६) मा रहेका "२ पटक" भन्ने शब्दहरुको सट्टा "दुई पटक" भन्ने शब्दहरु राख्ने ।

२९. विधेयकको दफा ३७ दफाक्रम मिलाउँदा कायम हुने दफा ३६ मा रहेको "(१)" भन्ने अङ्क झिक्ने ।

३०. विधेयकको दफा ३८ दफाक्रम मिलाउँदा कायम हुने दफा ३७ को उपदफा (१) को,-

(१) खण्ड (ग) मा रहेको "कार्यालय" भन्ने शब्द पछि "(सम्बन्धित महाशाखा हेर्ने)" भन्ने शब्दहरु थप्ने ।

(२) खण्ड (ङ), (च), (छ) र (ज) मा रहेको "मन्त्रालय" भन्ने शब्द पछि "(सम्बन्धित महाशाखा हेर्ने)" भन्ने शब्दहरु थप्ने ।

३१. विधेयकको दफा ४१ दफाक्रम मिलाउँदा कायम हुने दफा ४० को उपदफा (३) को,-

(१) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राख्ने :-

"(झ) नेपाल सरकारको स्वीकृति लिई परिचयपत्र तथा पञ्जीकरण प्रविधिसँग सम्बन्धित राष्ट्रिय, अन्तर्राष्ट्रिय निकाय, संघ संस्थासँग सम्पर्क तथा समन्वय गर्ने, त्यस्ता निकाय वा संघ संस्थासँग प्रविधिको विकास तथा क्षमता विकासको लागि आवश्यक सहयोग आदान प्रदान गर्ने,"

(२) खण्ड (ट) मा रहेका "निर्देशक समिति," भन्ने शब्दहरु झिक्ने ।

३२. विधेयकको दफा ४२ दफाक्रम मिलाउँदा कायम हुने दफा ४१ को,-

(१) उपदफा (१) को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपी खण्डक्रम मिलाउने :-

"(झ) झुट्ठा विवरण दिई दफा ४७ बमोजिमको परिचयपत्र लिएमा वा त्यस्तो परिचयपत्रको विवरण आफूखुशी थपघट गरेमा, केरमेट गरेमा वा सच्याएमा,"

(२) उपदफा (२) मा रहेका "पाँच देखि दश वर्षसम्म कैद वा पाँचलाख देखि दश लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय" भन्ने शब्दहरुको सट्टा "पाँच वर्ष देखि दश वर्षसम्म कैद र पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने :-

"(३) उपदफा (१) को खण्ड (ग), (ङ) वा (च) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई वर्षदेखि पाँच वर्षसम्म कैद र बीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।"

(३) उपदफा (५) झिकी उपदफाक्रम मिलाउने ।

(४) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्ने :-

"(५) उपदफा (१) को खण्ड (छ), (ज), (झ) वा (ञ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिना देखि छ महिनासम्म कैद र दश हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।"

(५) उपदफा (७) झिकी उपदफाक्रम मिलाउने ।

(६) उपदफा (८) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (६) को प्रतिबन्धात्मक वाक्यांश झिक्ने ।

३३. विधेयकको दफा ४३ दफाक्रम मिलाउँदा कायम हुने दफा ४२ को उपदफा (१) मा रहेका "दफा ४२ को उपदफा (१) को (छ), (ज) र (झ)" भन्ने शब्दहरुको सट्टा "दफा ४१ को उपदफा (१) को खण्ड (छ), (ज), (झ) वा (ञ)" भन्ने शब्दहरु राख्ने ।

३४. विधेयकको दफा ४५ दफाक्रम मिलाउँदा कायम हुने दफा ४४ मा रहेका "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४" भन्ने शब्दहरु राख्ने ।

३५. विधेयकको दफा ४७ झिकी दफाक्रम मिलाउने ।

३६. विधेयकको दफा ४९ दफाक्रम मिलाउँदा कायम हुने दफा ४७ को सट्टा देहायको दफा ४७ राख्ने,-

"४७. <u>छुट्टै परिचयपत्र जारी गर्न सकिने</u> : (१) गैर आवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति वा तोकिएको अवधि भन्दा बढी बसोवास गर्ने अन्य विदेशीलाई तोकिए बमोजिमको दस्तुर लिई तोकिए बमोजिमको ढाँचामा अवधि तोकी अस्थायी प्रकृतिको छुट्टै परिचयपत्र जारी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम अन्य विदेशीलाई परिचयपत्र प्रदान गर्दा नेपालमा कुटनीतिक नियोग रहेको विदेशीको हकमा सम्बन्धित कुटनीतिक नियोगको सिफारिस समेतलाई आधार मानिनेछ ।

(३) उपदफा (१) बमोजिमको परिचयपत्र दिने, नवीकरण गर्ने, उपयोग गर्ने तथा रद्ध गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

३७. विधेयकको दफा ५१ झिकी दफाक्रम मिलाउने ।

३८. विधेयकको दफा ५३ दफाक्रम मिलाउँदा कायम हुने दफा ५० मा रहेको "नियमहरु" भन्ने शब्दको सट्टा "नियम" भन्ने शब्द राख्ने ।

३९. विधेयकको दफा ५४ दफाक्रम मिलाउँदा कायम हुने दफा ५१ को दफा शीर्षक र दफामा रहेका "निर्देशिका, कार्यविधि तथा मापदण्ड" भन्ने शब्दहरुको सट्टा "निर्देशिका वा कार्यविधि" भन्ने शब्दहरु राख्ने ।